नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
पौष/माघ २०६६(January 2010) वर्ष १४/अंक १५४

## पवित्र आत्मामा प्रज्वलित होओ

***आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले परिषदको रिट्रीटमा दिनुभएको वचनको दोस्रो भाग...***

शारीरिक जीवनमा स्वास ज्यादै आवश्यक कुरो हो । परमप्रभुले आदमलाई जीवनको सास फुकिदिनुभयो र ऊ जीवित प्राणी भयो अनि येशूले पेन्तिकोसको दिनमा त्यही सास चेलाहरूलाई फुकिदिनुभयो र सबै पवित्र आत्माले भरिए । परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट निकाल्नुभयो र पछि उनीहरूबाट मिश्रीपना निकाल्नु पर्‍यो । आज हामीमा पनि सांसारिकता छ भने त्यो सांसारिकता प्रभुले निकाल्न चाहनुहुन्छ । पवित्र आत्मा परमेश्वरको सास हुनुहुन्छ, जति फोक्सोमा बढी सास छ हामी त्यति हल्लेलूयाह भन्न सक्छौं । यूहन्ना १३:१७ मा प्रभुले भन्नुभएको कुरा, ***"यदि तिमीहरूले जानेर गर्‍यौ भने तिमीहरू धन्यका हौ ।"*** खाली सिद्धान्त मात्र नभएर व्यवहारमा ल्याए भने ती मानिसहरू धन्यका हुन् । परमेश्वरले नेइमलाई **पवित्र आत्माको भरपूरी**मा यहाँसम्म डोर्‍याउँदै ल्याउनुभएको छ । त्यसैले के हामीले हाम्रा शाखा/आबद्ध मण्डलीलाई यो कुरा सिकाइराखेका छौं ? हामी आउने वर्ष मिशन वर्ष मनाउँदैछौं, यो कुरा सबै देशभरिको मण्डलीहरूमा हामीले सिकाउनुपर्छ साथै हामीले पाएको आशिष पुर्‍याउनुपर्छ । हामीलाई धेरैले उदाहरणको रुपमा हेरिरहेका छन्, त्यसैले जिल्ला बाहिरका मण्डलीहरूको यो तृष्णा हामीले मेटाउन सक्नुपर्छ । आमोस ६:१ मा ***"धिक्कार तिमीहरूलाई जो सियोनमा निर्धक्कसित रहन्छौ र तिमीहरूलाई जो सामरीयाको डाँडामा आफू सुरक्षित ठान्छौ ।"*** हामी त सियोनमा बस्ने चेलाहरू हौं र हामी ढुक्क भएर बस्न मिल्दैन ।

एफिसी ५:१८ अनुसार ***"पवित्र आत्माले भरिपूर्ण भएका होओ*** वा आत्माले भरिपूर्ण हुँदै जाओ ।" यो तपाईं हामीमा सम्भव छ, जहाँ परमेश्वरले आज्ञा दिनुहुन्छ त्यहाँ अनुग्रह पनि दिनुहुन्छ । २ कोरिन्थी ८:९ अनुसार यो गर्न नसक्ने आज्ञा होइन किनकि उहाँले हामीलाई प्रशस्त अनुग्रह दिनुहुन्छ । १ यूहन्ना ५:३ अनुसार ***"परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं र उहाँका आज्ञाहरू भारपूर्ण छैनन् ।"*** किनकि उहाँको जुवा सजिलो र हल्का छ । प्रभुको आज्ञाहरू कठीन देखिए तापनि सजिला छन् किनकि उहाँ हाम्रो सहकर्मी हुनुहुन्छ । जसले समर्पण गरेका छन्, उनीहरूलाई उहाँले पोखिनेगरि दिनुहुन्छ । यूहन्ना ७:३७-३९ मा उहाँले दिनुहुने पानी पिउने कहिले पनि तिर्खाउँदैन किनभने त्यो त्यसमा अनन्तसम्म रहिरहन्छ । उहाँबाट पिउनेको अन्तस्करणबाट जिउँदा जलका खोलाहरू बगिनिस्कन्छन् ।

१ राजा १०:४ मा राजा सुलेमानले बनाएको मन्दिर देखेर शेबाकी रानी छक्क परिन् । उनले परमेश्वर र सुलेमानको प्रशंसा गरिन् । राजा सुलेमानको मन्दिरमा उनले एउटा विशेषता देखिन् । त्यो विशेषता भारदार, नोकर चाकर र होमबलिमा चढाउने बलिको समर्पण र आज्ञाकारिता रहेको थियो । यही विषेशता देखेर रानी प्रभावित भएकी थिइन् । १ राजा १०:९ मा हामीले आफ्नो प्रशंसा चाहने होइन तर परमेश्वरको प्रशंसा, समर्पणता र आज्ञाकारिता उहाँ चाहनुहुन्छ । भजनसंग्रह ९२:१० अनुसार अभिषेक मागिरहनुपर्ने हो, हिजोको अभिषेकले आजको लागि पुग्दैन, आजको लागि आजको अभिषेक चाहिन्छ । हामीले माग्ने मात्र होइन तर थाप्नु पनि पर्छ । अय्यूब ३:२५ मा जुन कुरादेखि हामी डराउँछौं त्यही कुरा हामीमा आउँछ । भजनसंग्रह ६५:३-४ अनुसार हामी डराएको बेलामा हाम्रो भरोसा परमप्रभुमाथि हुनुपर्छ । हाम्रो भरोसा प्रभुमा छ भने हामीलाई कसले के गर्न सक्छ ! त्यसैले हामी भोलिको लागि डराउनु पर्दैन । आजको परमेश्वर भोलि, पर्सि र सदा सर्वदाको लागि हुनुहुन्छ । हिब्रू १२:२ अनुसार येशूलाई हेरौं ! आज हामीले येशूलाई कहाँ हेर्देछौं ? कोक्रो, क्रूस वा कुर्सी ? येशू प्रभु हाम्रो लागि क्रूसबाट भएर जानुभयो । उहाँले क्रूसलाई होइन सिंहासनलाई हेर्नुभयो । समस्याहरू आउँछन् तर येशूले हामीलाई समाधान गर्न सहयोग गर्नुहुन्छ ।

हामीलाई पवित्र आत्माको भरपूरी चाहिन्छ । हामीमा पवित्र आत्मा रहिरहने होइन घटेर जान्छ जसरी चर्केको भाँडाबाट चुहिएर घट्दै जान्छ । हाम्रो जीवनमा चर्केका ठाउँहरू धेरै छन् । यदि हामीले आफ्नै शरीरको बलमा सेवकाई गर्छौं भने हामीमा भएको आत्माको भरिपूरी घटेर जान्छ साथै सांसारिक कुरामा बढी समय बिताउनाले, एकताको विरुद्धमा हुनाले पनि आत्माको भरपूरी घटेर जान्छ । भजनसंग्रह १३३:१ अनुसार जब दाजुभाइमा एकता हुँदैन तब हामीमा भएको पवित्र आत्माको शक्ति घटेर जान्छ । त्यसैले हाम्रो सम्बन्ध घनिष्ठ हुनुपर्छ । एफिसी ४:३० अनुसार हामीले पवित्र आत्मालाई दुखित तुल्याउनु हुँदैन । एफिसी ५:२ मा ***"तिमीहरू प्रेममा चल जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो ।"*** त्यसैले हामीले सबै तितोपना, वैरभाव हटाऔं, एकअर्काप्रति क्षमा दिने हौं किनकि हाम्रो सम्बन्ध ठीक भएको उहाँ चाहनुहुन्छ । आज्ञापालनले भरपूरी ल्याउँछ । कसरी घमण्डले गर्दा उज्जियाह, हिजकिया, नबुकदनेसर पतन भएका थिए भन्ने कुरा निम्न खण्डहरूबाट बुझ्न सक्छौं – २ इतिहास २६:१६, २ इतिहास ३२:२५, इजकिएल २८:२,५,१७, १ तिमोथी ३:६ । त्यसैले उहाँको काम पूरा गर्नको लागि हामी आत्मामा प्रज्वलित भएर अघि बढौं ।

– प्रस्तुति डीकन अर्जुन ढकाल

### नेइमको दर्शन

**"ख्रीष्टजस्तै बनाउन ख्रीष्टजस्तै बनौं"**

### नेइमको आधारशिला

परमेश्वरको महिमाको निम्ति पवित्र आत्माको शक्ति र निर्देशनमा प्रार्थना र अन्तरबिन्ती सहित प्रशंसा र आराधना गर्ने, समान दर्शन भएकाहरूसित आबद्ध भई प्रचार र मण्डली स्थापनाको काममा संलग्न रहने र प्रेममा परिपक्व हुँदै सर्वाङ्गिण रुपान्तरणका निम्ति ख्रीष्टको साक्षी बन्दै पवित्रतामा उहाँकै पुनरागमनको प्रतिक्षा गर्ने मण्डली हुनेछ ।

# शुभ-कामना र बधाई

**आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थकज्यू** यही पौष २६ गते/जनवरी १० ता. आइतबार ८४ वर्ष पूरा गरी ८५ औं वर्षमा प्रवेश गर्नुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं साथै उहाँको जीवनको आशिषमय सेवकाईको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं र आगामी दिन र वर्षमा उहाँको सेवकाई र जीवनको सबै यात्राहरूमा प्रभुबाटको अझ प्रशस्त आशिषको निम्ति प्रार्थना गर्दछौं ।

## हार्दिक बधाई तथा शुभकामना



डा. बिजय तामाङ

नेइमका समर्पित सदस्य **श्री बिजय तामाङले** **University of Florida, USA** बाट **Forest Resources and Conservation** विषयमा २०६६ पौष ३ गते/२००९ डिसेम्बर १८ तारिख विद्यावारिधि **(Ph.D)** डिग्री हासिल गर्नुभएकोमा यो गौरवमय सुखद अवसरमा डा. बिजय तामाङलाई हार्दिक बधाई एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

*-नेपाली इसाई मण्डली परिवार*

## प्रार्थनाका विषयहरू

१. २०१० साल मिशनको वर्ष भएको हुनाले मण्डलीबाट धेरैले देशभित्र र देशबाहिर आवश्यकता भएको मण्डली र स्थानहरूमा मिशनेरी भएर जानको लागि बोलावट पाउन सकून् ।

२. यस वर्ष सुसमाचार धेरै ठाउँहरूमा प्रचारिएको होस् । सुसमाचार प्रचार गर्नलाई हामी सबै प्रार्थनासहित लागिपर्न सकौं जसको फलस्वरूप धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

३. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

४. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान बुद्धि, एकता, मेल मिलाप मागिदिऔं ।

५. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशबाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, मण्डली साथै संगति झुण्डहरूको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी

पौष १० गते/डिसेम्बर २५ ता. शुक्रबार नेपाली इसाई मण्डलीको संयुक्त ख्रीष्टमस सेवा सानो गौचरनमा हर्षोल्लसका साथ सम्पन्न भयो । उक्त ख्रीष्टमस सेवामा लगभग ६००० को संख्यामा विश्वासी तथा अन्य मित्रहरूको सहभागिता थियो । उक्त सेवामा स्तुति प्रशंसा गरिनुको साथै वचनको सेवकाई आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थकले गर्नुभएको थियो । वचनको सेवकाईपछि चार मण्डलीका जवानहरू-द्वारा नृत्य प्रस्तुत गरिएको थियो साथै श्रीमती चन्दा देवानको एकल गायनमा पनि नृत्य प्रस्तुत गरिएको थियो र अन्तमा ख्रीष्टमस २०६६ को शुभकामना लेखिएको व्यानर बेलुनमा झुण्डचाएर उडाइएको थियो ।



१. मंसीर २३ गते/डिसेम्बर ८ ता. मंगलबार ज्ञानेश्वर मण्डलीका २७ विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. पौष ३ गते/डिसेम्बर १८ ता. शुक्रबार ललितपुर मण्डलीका १८ विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी, |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:१५ बजे | नयाँ वानेश्वर |
| | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | सिर्जनानगर | नगरकोट | ललितपुर | पनौती | गुर्जुधारा | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पौष २५ गते, जनवरी ९ ता. | पाष्टर सामुएल कार्थक | डीकन अर्जुन ढकाल | डीकन रत्नमान महर्जन | डीकन सिमोन खालिङ्ग | पाष्टर दफ्तन सादा | डीकन श्यामकृष्ण रंजित | डीकन दानिएल सापकोटा | डीकन जमान तामाङ्ग | डीकन अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर एस. सोदेम्बा | श्रीमती अरूणा सुन्दास |
| माघ २ गते, जनवरी १६ ता. | डीकन सामुएल क्षेत्री | पाष्टर अशोक मुखिया | डीकन पूर्ण सुनुवार | श्री दानिएल घले | डीकनेस् श्रीलक्ष्मी सैंजु | डीकन जनकलाल श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | डीकन जमान तामाङ्ग | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | पाष्टर बर्णबास श्रेष्ठ | श्री कुमार सेन्चुरी |
| माघ ९ गते, जनवरी २३ ता. | पाष्टर राजेन्द्र रोंगोंग | श्री सिद्धि खालिङ | पाष्टर अशोक मुखिया | पा. रोबर्ट कार्थक श्री भुवन देवकोटा | डीकन रूबेन श्रेष्ठ | श्री नवराज के.सी. | पाष्टर महेश थाँजु | डीकन दानिएल सापकोटा | डीकन जमान तामाङ्ग | पाष्टर एस. सोदेम्बा | डीकन बि.एन. पण्डित | श्री जय सिंह |
| माघ १६ गते, जनवरी ३० ता. | पाष्टर अशोक मुखिया | श्री राजु राई | श्री राजु तामाङ्ग | श्री छुयोगेन रोंगोंग | श्री सिमोन भण्डारी | श्री परशु अधिकारी | श्री कृष्ण श्रेष्ठ | डीकन जमान तामाङ्ग | डीकन दानिएल सापकोटा | डीकन सागर थापा | श्री प्रशान्त सिंह | डीकन छोदेन कार्थक |
| माघ २३ गते, फरवरी ६ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | श्रीमती गंगा श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर एस. सोदेम्बा | श्री रवि श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | श्री कृष्ण श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

## हार्दिक बधाई



**श्री सुरेन्द्र श्रेष्ठ**
**र**
**सुश्री जुनु गुरूङ्ग**

मंसीर २१ गते/डिसेम्बर ६ ता. आइतबार रामघाट मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



**श्री विकास रम्तेल**
**र**
**सुश्री भवानी (तविता) पुर्कुटी**

मंसीर २१ गते/डिसेम्बर ६ ता. आइतबार पनौती मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



**श्री डिल्ली बहादुर आलेमगर**
**र**
**सुश्री तारा पौडेल**

मंसीर २४ गते/डिसेम्बर ९ ता. बुधबार ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



**श्री रामु बि.क.**
**र**
**सुश्री सबिना बि.क.**

मंसीर २८ गते/डिसेम्बर १३ ता. आइतबार कर्मी डाँडा रसुवा संगतिमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



**श्री राज कुमार बि.क.**
**र**
**सुश्री विष्णुमाया बि.क.**

मंसीर २९ गते/डिसेम्बर १४ ता. सोमबार एन्टियोक त्रिशूली मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



**श्री सरोज योञ्जन**
**र**
**सुश्री सहनशीला गुरूङ्ग**

मंसीर २९ गते/डिसेम्बर १४ ता. सोमबार रामघाट मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>**SUNDAY** | **१९** **3**<br>मण्डलीले यस वर्ष पनि परमेश्वरको योजनालाई बुझेर त्यसअनुसार आज्ञाकारी भई प्रभुको उपस्थितिसँगै र हिँड्न सकून् ।<br>यहोशू १:९ | **२६** **10**<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर अगुवा, प्रचारक तथा मण्डलीका सबै विश्वासीहरूको लागि प्रभुबाटको सुरक्षा र वृद्धि मागिदिऔं ।<br>यशैया ४२:६-७ | **३** **17**<br>बाल संगतिका शिक्षक/शिक्षिकाहरूले प्रभु बोझ र दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा अझै डोर्‍याउँदै जान सकून् ।<br>भजनसंग्रह ७८:१-८ | **१०** **24**<br>मण्डलीका सबै विश्वासीहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउने क्षेत्रमा अझै बोझ र दर्शनसाथ लागिपर्न सकून् ।<br>भजनसंग्रह ४०:९-१० | **१७** **31**<br>मण्डलीले यस वर्ष पनि परमेश्वरको योजनालाई बुझेर त्यसअनुसार आज्ञाकारी भई प्रभुको उपस्थितिसँगै र हिँड्न सकून् । |
| **सोमबार**<br>**MONDAY** | **२०** **4**<br>हप्ताको बीचमा भइरहेको प्रार्थना सभाहरूमा प्रार्थना गर्नेहरूको बोझ र दर्शन बढेर गएको होस् र मण्डली अझै धेरै प्रार्थना गर्नेहरू हुन सकून् ।<br>मत्ती ७:७-११ | **२७** **11**<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँगको सम्बन्धमा प्रार्थना, विश्वास, मूल्य चुकाई बढेर गएको होस् ।<br>यशैया ६२:६ | **४** **18**<br>गरीबी, अभाव, ऋण, बेरोजगार साथै अरू विभिन्न प्रकारको समस्यामा परेका सबैको लागि परमेश्वरको अनुग्रह मागिदिऔं ।<br>फिलिप्पी ४:४-७ | **११** **25**<br>प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिहरूमा सधैँ धन्यवादी भई जिउनेहरू हुन सकौं ।<br>हबकूक ३:१७-१९ | **१८** **February 1**<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य मण्डलीले भाग लिन सकून् ।<br>यशैया ४२:६ |
| **मंगलबार**<br>**TUESDAY** | **२१** **5**<br>मण्डलीमा पूरा समय काम गर्न सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित र अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>२ कोरिन्थी ६:३-१० | **२८** **12**<br>मण्डलीका विश्वासीहरूक सबै प्रकारको भूल धोका दिने झूठा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले नै जोगाऊन् ।<br>२ यूहन्ना ७:१० | **५** **19**<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | **१२** **26**<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | **१९** **2**<br>हामी मण्डलीभित्र मात्र होइन तर बाहिर समाज, संसार साथै सबै क्षेत्रहरूमा पनि इमान्दारी हुँदै जान सकौं ।<br>रोमी ३१:३१-३४ |
| **बुधबार**<br>**WEDNESDAY** | **२२** **6**<br>घरेलु संगतिका क्षेत्रहरू अझै बढेर, फैलिएर जान सकून् र अगुवाई गर्नको निम्ति बोझ र दर्शन पाएका अगुवाहरू पनि तयार हुन सकून् ।<br>यशैया ५४:२-३ | **२९** **13**<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबै परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>रोमी १२:६-७ | **६** **20**<br>पवित्र आत्माको सहायतामा वृद्धि हुँदै र फैलँदै गएका सेवा संगतिका क्षेत्रहरूमा अगुवाई गर्ने समर्पित अगुवाहरूको कमी नभएको होस् ।<br>यशैया ६:८ | **१३** **27**<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>२ तिमोथी ३:१४-१६ | **२०** **3**<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह २५:२१ |
| **बिहीबार**<br>**THURSDAY** | **२३** **7**<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र आमा बाबुबीचको सम्बन्ध प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>भजनसंग्रह ८४:१-१२ | **३०** **14**<br>महिला उपवास प्रार्थना, परमेश्वरको इच्छा, पवित्र आत्माको अगुवाईमा भएको कारण पवित्र आत्माको गहिरो काम हरेकको जीवनमा भएको होस् ।<br>भजनसंग्रह ११२:१-४ | **७** **21**<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषका कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | **१४** **28**<br>मण्डलीका परिवार-परिवारका प्रत्येक सदस्यहरूले परमेश्वरलाई आफ्नो जीवनमा, परिवारमा पहिलो स्थान दिन सकून् ।<br>अय्यूब १:१-५ | **२१** **4**<br>बाल संगतिका सबै बालबालिकाहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा तथा अन्य क्षेत्रहरूमा प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ६१:८-९ |
| **शुक्रबार**<br>**FRIDAY** | **२४** **8**<br>भोलि प्रचारिने वचननद्वारा वचन सुन्ने हरेकको जीवनमा आत्माको एउटा नयाँ काम हुन सकून् ।<br>हिब्रू ४:१२ | **१ माघ** **15**<br>मिशनेरी भएर जानुभएकाहरूलाई पवित्र आत्माले आफ्नो बोलावटप्रति इमान्दारी र विश्वासयोग्य भइरहन सकून् ।<br>हिब्रू ६:९-१२ | **८** **22**<br>वृद्ध अवस्थामा रहेकाहरू निराश, चिन्ता र अशान्तिमा होइन तर प्रभुमा धन्यवादी भई प्रार्थनामा जीवन बिताउनेहरू हुन सकून् ।<br>यशैया ६४:४ | **१५** **29**<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको साथै विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाई साथै तालिममा आशिष मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | **२२** **5**<br>विवाहको उमेरमा पुगेका जवानहरूले परमेश्वरको समयम प्रभुले जुटाइदिनुभएको जीवन साथी पाउन सकून् भनेर प्रार्थना गरिदिऔं ।<br>उत्पत्ति २:१८-२२ |
| **शनिबार**<br>**SATURDAY** | **२५** **9**<br>विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपाली जातिहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ कोरिन्थी ५:१४-२१ | **२** **16**<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजय हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् ।<br>२ तिमोथी ३:१०-१५ | **९** **23**<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचनको पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १४:२१ | **१६** **30**<br>मण्डलीले परमप्रभुमा चढाइने प्रार्थना, भेटी, प्रशंसा सबै उहाँको महिमाको लागि अझै सत्यतामा गर्दै जान सकौं ।<br>मत्ती ६:१-८ | **२३** **6**<br>प्रत्येक शनिबार आराधना सेवामा आउने नयाँ मानिसहरूले सुसमाचार सुनेर ख्रीष्ट येशू प्रभुलाई ग्रहण गर्न सकून् ।<br>प्रेरित ४:४ |

प्रकाशक: नेहता ग्रोशिवर दर्त, पो.ब. ७३१, काठमाडौं, नेपाल फोन नं. ४४७४४८९/४४९२१७२ email:nim@wlink.com.np, www.nim.org.np